आज मिति २०७७ साल आषाढ ९ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १) नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. २ श्री निर वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) वडा अध्यक्ष वडा नं. ६ श्री धन बहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

१२) कार्यपालिका सदस्य श्री जमुना हायू सदस्य
रामेछाप नगरपालिका रामेछाप

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. सदस्य
रामेछाप नगरपालिका रामेछाप

१४) कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की सदस्य
रामेछाप नगरपालिका रामेछाप

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

**नगर कार्यपालिकाको वैठकमा छलफल तथा प्रस्तावहरु:**

१) रामेछाप नगरपालिकाको चालू आ.व. ०७६।०७७ को हाल सम्मको प्रगति प्रतिवेदन सहित आगामी आ.व. ०७७।०७८ को वार्षिक नीति,कार्यक्रम तथा वजेट सम्वन्धमा ।
२) रामेछाप नगरपालिकाको आर्थिक विधेयक,२०७७ का सम्वन्धमा ।
३) रामेछाप नगरपालिकाको विनियोजन विधेयक,२०७७ का सम्वन्धमा ।
४) रामेछाप नगरपालिकाको गत आ.व. ०७५।०७६ को अन्तिम लेखा परीक्षण(म.ले.प.) प्रतिवेदनले औल्याएका विषयहरुका सम्वन्धमा ।
५) रामेछाप नगरपालिकाको प्रस्तावित कर्मचारी संगठन संरचना सम्वन्धमा ।
६) नगर सभाबाट परित गर्नु पर्ने अन्य विषयवस्तुका सम्वन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।

Scanned with CamScanner

**निर्णय नं.१**

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०७६/७७ को हाल सम्मको प्रगति प्रतिवेदन सहितको आगामी आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति, कार्यक्रम तथा वजेट नगर कार्यपालिकाबाट पारित गरि सातौ नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.२**

रामेछाप नगरपालिकाको आर्थिक विद्येयक, २०७७ पारित गरी सातौ नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.३**

रामेछाप नगरपालिकाको विनियोजन विद्येयक, २०७७ पारित गरी सातौ नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

रामेछाप नगरपालिकाको अनुसूची-१ वमोजिमको आ.व.२०७५/७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट औल्याइएका नियमित गर्नुपर्ने विषयहरु अनुमोदनका लागि सातौ नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

रामेछाप नगरपालिकाको अनुसूची-२ वमोजिमको कर्मचारी संगठन संरचना र दरवन्दी विवरण पारित गरी नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.६**

रामेछाप नगरपालिका वडा नं.३ स्थित साघुटार स्वास्थ्य चौकी लाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नती गरी सञ्चालन गर्न सम्वन्धित निकाय समक्ष शिफारिस गरी पठाउन नगर सभामा पेश गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.७**

यस नगरपालिका अन्तर्गत अनुसूची-३ बमोजिमका आयोजनाहरुको आयोजना वैङ्क तयार गरी मागको आधारमा संघीय सरकार र प्रदेश सरकार समक्ष शिफारिस गर्न स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगर गौरवको योजनाको रुपमा रहेको पुष्पलाल पार्क-कोलञ्जोर घाट सडक योजनाको काम सम्पन्न भए पश्चात उक्त योजना बाट प्राप्त भएको आम्दानी उपयोग गरी गणेशटार-फलाटेखोला-देउराली-दिवाली चौर सडक खण्डलाई नगर गौरवको योजनाको रुपमा अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

सन् २०१९ अक्टोवर १८-१९ मा वेलारुसमा आयोजित युरोपियन ओपन कप २०१९, ११ औ इन्टरनेशनल कराते खेल प्रतियोगितामा नेपाल कराते महासंघले यस जिल्लाका ५ जना खेलाडी र १ जना प्रशिक्षक सहभागी गराएकोमा सहभागी खेलाडी र प्रशिक्षकको जादा आउदाको हवाई टिकट वापत लागेको खर्च रकम रु २,६०,०००।- अक्षेरुपि दुई लाख साठी हजार मात्र नेपाल करातेमहासंघ रामेछाप लाई उपलब्ध गराउने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको ।

(दिपेन्द्र पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

अनुसूची -१

(नगर कार्यपालिकाको मितिर०७७/३/९ को निर्णय नं.४ सँग सम्वन्धित)

महालेखा परीक्षकको कार्यालय, डोर मुकाम, रामेछापको प.स. ०७६/७७ च.नं. ४२ मिति ०७६/६/१ गतेको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरकार्यपालिकाको कार्यालयको आ.व.०७५/७६ को लेखा परीक्षणको क्रममा नियमित गर्नु पर्ने भनि औल्याइएका विषयहरुको सम्वन्धमा तपशिल वमोजिमको प्रतिक्रिया नगर सभाबाट अनुमोदन गराई नियमितका लागि महालेखावाट परीक्षकको कार्यालयमा पठाउन स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बुँदा नं. | लेखा परीक्षण प्रतिवेदनको व्यहोरा | कार्यपालिकाको प्रतिक्रिया |
|---|---|---|---|
| १ | ३४ | **प्रोत्साहन भत्ता** - नेपाल सरकारवाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ। केन्द्रिय चालु अनुदानवाट श्रावण देखि आषाढसम्ममा विभिन्न कर्मचारीलाई प्रोत्साहन भत्ता रु. १५३४५४७।- खर्च लेखेको छ । गाउ कार्यपालिकाको वित्तिय विवरण अनुसार भत्ता खर्च लेखेको देखिन्छ । आन्तरिक आय न्यून रहेकोमा प्रोत्साहन भत्ता खर्च लेखेको उपयुक्त नदेखिएको रु १५३५४७।- | आ.व. २०७५/७६ मा केद्रिय चालु अनुदान बाट रु.१५३४५४७।- विशेष भत्ता वापत तोकिएका कर्मचारीहरुलाई गत विगतको नगर सभाको निर्णयानुसार न्यून कर्मचारीहरुले नगर कार्यपालिकाको कार्यालयको सम्पूर्ण कार्य साँझ विहान समेत खटिई गर्नु गराउनु भएको र नगरसभामा नीति कार्यक्रम तथा वजेट तयारीमा लामो समयदेखी अहोरात्र खटिई काम गरे वापत दिइएको साथै दरवन्दी अनुसार कर्मचारी नभएको तत्कालीन अवस्थामा स्पष्ट आधार र कार्यविधि वनाई सेवा सुविधा दिन नसकिएतापनि अप्ठेरो परिस्थितिमा कर्मचारीको मनोवल वढाई काममा लगाउने उदेश्यले उक्त प्रोत्साहन भत्ता दिएको हुँदा उक्त व्यहोरा नियमसम्मत हुँदा उक्त वेरुजु नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने साथै चालु आ.व.२०७६/७७ मा समेत कर्मचारीहरुलाई प्रत्येक नगरसभाको तयारीको सन्दर्भमा काम गर्दा १ महिनाको तलव वरावरको रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने । |
| २ | ३६ | **पूँजीगतबाट चालु खर्च** : एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटवाट चालुखर्च गर्न नपाइने उल्लेख छ। नगरपालीका कार्यालयले यो वर्ष सभावाट पारित गरि रु २१८६७४१/- चालु खर्च पुँजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्नेमा सो विपरित भएको रु.२१,८६,७४१।- | आ.व. २०७५/७६ मा चालु खर्च तर्फ आवश्यकता र औचित्य हेरी पर्याप्त वजेट राखी वाँकी रकम पूजिगत शीर्षकमा राख्नु पर्नेमा भुलवस चालु खर्च तर्फ कम रकम विनियोजन भएको देखिएको । केही सडक ट्याकहरु आवत जावतका लागि अत्यावश्यक भई कार्यालयका हेवी इक्विप्मेन्टको प्रयोग गरी खोलिएको कारण इन्धनमा वढी खर्च भएको र लक्षित वर्गका कतिपय कार्यक्रमहरु उत्थान विकास कार्यक्रम भनि पूजिगत शीर्षकमा रकम राखीएकोमा कार्यक्रम सञ्चालन गर्दा क्षमता विकास हुने चालु प्रकृतिका भएको कारण चालु खर्च वद्न गएको देखिन्छ। तसर्थ चालु तर्फ वढी खर्च भएको रु. २१,८६,७४१।-आवश्यकता अनुसार नै पूजीगत शिर्षकबाट रकमान्तर गरी खर्च भएको हुँदा उक्त खर्च नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने । |
| ३ | ३९ | **आर्थिक सहायता** : सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ। नगर पालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकवाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरपालिकाको वैठकको निर्णयवाट आर्थिक सहायता स्वरुप आन्तरिक श्रोत खर्च शिर्षकबाट विभिन्न व्यक्तिहरुलाई रु. १३३७४९०।- भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित नगरी गरेको खर्च नियमित नदेखिएको रु १३,३७,९४०।- | आर्थिक सहायता शिर्षकमा गत विगत देखि नै नगर सभावाट वजेट पारित गरी सम्वन्धित वडा कार्यालयको सिफारिसमा कार्यपालिकाको वैठकबाट खर्च रकम स्वीकृत गराई दीर्घ रोगी, क्यान्सर पिडित, हिंसा पिडित र अति विपन्न परिवारको स्वास्थ्य उपचार, परिवारबाट अपहेलना गरिएका जेष्ठ नागरिकको हेरचाह र पुनस्थापना एवंम वाढिपहिरो, आगलागी र सवारी दुर्घटनामा परेका व्यक्तिहरुलाई आवश्यकता र औचित्य हेरी आ.व. २०७५/७६ मा रु. १३,३७,४९०।- आर्थिक सहायता दिइएको र उक्त आर्थिक सहायता रकम पिडित व्यक्तिले नै पाएको कारण त्यसमा कुनै किसिमको हिनामिना नभएको एवम् चालु आ.व. २०७६/७७ देखि आर्थिक सहायता दिदा कार्यविधि वनाई सोही अनुसार दिने गरिएकोले उक्त खर्च नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने । |
| ४ | ४६ | **ग्रैह सरकारी संस्था बाट कार्य**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) मा एक लाख रुपैया भन्दा बढीको कुनै पनि प्रकारको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने , तथा सोही ऐन को दफा ८( | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५(१) वमोजिम एक लाख रुपैया सम्मको खरिद कार्य गर्न लागत अनुमान समेत गर्नु नपर्ने भई सिधै खरिद गर्न सकिने कानूनी प्रावधान भएको र तत्कालीन अवस्थामा कार्यालयको कार्य बोझका कारण कार्यालय आफैले |

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | २) मा खरिद कार्य गर्दा प्रतिश्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने ,सोही ऐन को दफा ४६ मा जनचेतना सम्वन्धि तालिम , अभिमुखिकरण, सवलिकरण, मुलप्रवाहीकरण जस्ता कार्य ग्रैह सरकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्यी हुने भएमा तोकिएको प्रक्रिया पुरा गरी गर्न सकिने व्यवस्था छ। मु.अ.करमा दर्ता नभएको सान नेपाललाई सार्वजनिक सुनुवाई वापत ल.ई. समेत तयार नगरी रु १ लाख भुक्तानी गरेको छ । सार्वजनिक सुनुवाई पनि गैर सरकारी संरचनाबाट गराउनुको औचित्य स्पष्ट नरहेको रु.१,००,०००।- | सार्वजनिक सुनुवाई कार्यक्रम गर्न नसकेको अवस्थामा "सान नेपालले" उक्त कार्य गराउन प्रस्ताव पेश गरेको कारण सोही संस्था मार्फत सार्वजनिक सुनुवाई कार्यक्रम गराईएको र उक्त कार्यक्रममा धेरै सरोकारवालाहरु सहभागी भई नगरपालिकाको विकास निर्माण कार्य र सेवा प्रवाहका वारेमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको हुदा उक्त कार्यमा भएको खर्च रु.१०००००।-नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने । |
| ५ | ४७ | **स्वकिय सचिव तथा कानूनी सल्लाहकार खर्च** :स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ मा अध्यक्ष वा अन्य कुनै पदाधिकारीले स्वकिय सचिव वा सल्लाहकार राखी सो वापत सुविधा लिन पाउने व्यवस्था गरेको छैन । नगरपालिका अध्यक्षले निम्नानुसार त्यस्ता पदाधिकारी राखी सोवापत खर्च लेखेको छ। उक्त सुविधा खर्च आधार पर्याप्त नभएकोले आवश्यक कार्यविधी तयार गरी खर्च व्यवस्थित गर्नुपर्ने रु.४,४६,०००।- | नगर कार्यपालिकाको कार्यालयमा दरवन्दी अनुसार पर्याप्त कर्मचारी नभएको अवस्थामा नगर प्रमुखज्यूको सचिवालय र न्यायिक समितिमा सहजिकरणका लागि कार्यपालिकाको निर्णय वमोजिम १(एक) जना स्वकीय सचिव रु १(एक) जना कानून अधिकृतको सेवा, परामर्श शीर्षकबाट राखी काममा लगाइएको र उक्त कार्य मौजुदा अन्य कर्मचारीहरुबाट संभव नदेखिएको कारण आ.व. २०७५/०७६ मा निजहरुलाई सम्झौता अनुसार भुक्तानी दिइएको पारिश्रमीक खर्च रु ४,४६,०००।-नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने। |
| ७ | ५९ | **कार्यक्रम परिवर्तन :** कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गर्न<br>कार्यविधि तोकेको छ। सो कार्यविधि अनुसार उपभोक्ताको आवस्यकता अनुसार उ.स. समितिको ५० प्रतिशतमा लागतमा कार्यालयले ५० प्रतिशत रकम व्यहोर्ने गरि कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले सो विपरित कृषि सर्शत वजेट अर्न्तगत पोखरी निर्माण गर्न विनियोजन रकम ८१०००००।०० लाई साँधुटार सिंचाई आयोजनामा रकममा समावेश गरि खर्च लेखेको छ। यसरी केन्द्रिय सर्शत वजेटको खर्च गर्ने मार्गदर्शन विपरीत खर्च गर्ने कार्य नियमित देखिएको रु.८,१०,०००।- | आ.व. २०७५/७६ मा कृषि सशर्त वजेट रु.८१००००।- वाट उपभोक्ता समितिको ५०% लागतमा कार्यालयले ५०% व्यहोर्ने गरी सिंचाइको लागि ल्पाष्टिक पोखरी निर्माण गर्नु पर्नेमा वडा नं. ३ को साँघुटारका कृषकहरुले नजिकै पानीको श्रोत भएको र प्लाष्टिक पोखरी भन्दा सिंचाई कुलोबाट कृषकहरु वढि लाभान्वित हुने भई सिंचाई कुलो निर्माण गर्न वडाको शिफारिस सहित आएको कारण सिंचाई कुलो निर्माण गरी हाल उक्त सुख्खा क्षेत्रको करिव २५-२६ घर परिवार सिंचाई कुलोवाट लाभान्वित भई कृषकहरु सन्तुष्ट रहेकोले आगामी दिनमा कार्यविधि अनुसार कार्य गर्ने गरी हाललाई सिंचाइ कुलोमा भएको उक्त खर्च रकम नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने । |
| | ६० | **पशु विकास कार्यक्रम :** पशु तर्फ केन्द्रिय सर्शत बजेट, पशु कार्यक्रम सञ्चालन कार्यविधि , २०७५ अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले पशु विकास तर्फ विनियोजन विनियोजित रकम रु. १९४९०००।०० केन्द्रिय कार्यविधि अनुसार सञ्चालन नगरी त्यसलाई नगरपालिकाले रुपान्तरण गरी विभिन्न कृषि कार्यक्रममा खर्च लेखेको छ। अत: कार्यविधि अनुसार खर्च गर्ने र खर्च गर्न नसक्ने भएमा आ.व. को अन्त्यमा वजेट फ्रिज गरि केन्द्रिय खातामा जम्मा गर्नुपर्दछ। कार्यक्रम विपरित खर्च नियमित नभएको रु. १९,४९,०००।- | आ.व. २०७५/०७६ मा पशु विकास कार्यक्रम तर्फ सशर्त वजेट रु.१९,४९,०००।- प्राप्त भएकोमा उक्त रकम मध्ये रु.११,८३,०००।-शर्त अनुसार एक गाउ एक कृषि प्राविधिकहरुको तलव भत्तामा खर्च भएको, व्यवसायिक पशु प्रवर्द्धन कार्यक्रममा रु.१,४०,०००।- नश्ल सुधारका लागि प्राकृतिक गर्भधान कार्यक्रममा रु.४०,०००।- नश्ल सुधारको लागि कृतिम गर्भाधानमा रु १,२०,०००।- पशुपंछि गाई, भैसी, तथा पशु आहार श्रोत केन्द्र विकास सहयोग रु.१,५०,०००।- पशु आहार विकास कार्यक्रम रु २५,०००।- र डिजिज सर्भे, लेन्स तथा इन्भेष्टिगेसन र रिपोर्टिङमा रु ६६,०००।- खर्च भएकोमा व्यवसायिक पशु फर्म प्रवर्द्धन कार्यक्रममा खर्च भएको रु.१,४०,०००।- मात्र पशु कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार केही प्रक्रिया नपुगी खर्च भएको देखियता पनि कोही कसले खाइ मासी नगरी सम्वन्धित कृषक नै लाभान्वित भएको र अन्य खर्चहरु प्रचलित नियमानुसार खर्च भएको हुँदा उक्त खर्च नियमित गरी प्रतिवेदन वाट हटाउन महालेखा परीक्षक डोर समक्ष अनुरोध गर्ने। |


दिपेन्द्र पौडेल

Scanned with CamScanner

अनुसूची -२

(नगर कार्यपालिकाको मिति २०७७/०३/०९ गतेको निर्णय नं. ५ संग सम्बन्धित)

स्वीकृत संगठन संरचना



[illegible] बहादुर थापा मगर
प्रमुख

## रामेछाप नगरपालिका

### नगर कार्यपालिकाको कार्यालयको स्वीकृत संगठन संरचना अनुसार शाखागत दरवन्दी विवरणः

१. नगर प्रमुखको सचिवालय

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| २ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

२.उप- प्रमुखको सचिवालय

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर, चौथों | ने. प्रशासन | सा. प्रशासन | १ |
| २ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

३.प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ~~[illegible]~~ [illegible] | ने. प्रशासन | सा. प्रशासन | १ |
| २ | खरिदार | सहायकस्तर, चौथों | ने. प्रशासन | सा. प्रशासन | १ |
| ३ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

४.प्रशासन, योजना तथा अनुगमन शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | योजना अनुगमन तथा प्रशासकीय अधिकृत | अधिकृतस्तर सातौं/आठौं | ने. प्रशासन | सा. प्रशासन | १ |

४.१ सामान्य प्रशासन, जनशक्ति विकास तथा सम्पति व्यवस्थापन उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अधिकृतस्तर छैठौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| २ | ना.सु. | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | २ |
| ३ | कम्प्युटर अपरेटर | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| ४ | खरिदार | सहायकस्तर चौथों | ने. प्रशासन | सा. प्रशासन | २ |

दिपेन्द्र गौतेल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नगर प्र.स.नि. | सहायकस्तर, चौथों | सुरक्षा | नगर प्रहरी | १ |
| ६ | हवल्दार | सहायकस्तर, तृतीय | सुरक्षा | नगर प्रहरी | १ |
| ७ | जवान | सहायकस्तर, प्रथम | सुरक्षा | नगर प्रहरी | ५ |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ५ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |
| १० | माली/बगैचे | श्रेणी विहिन | | | १ |
| ११ | मेस्तर/स्वीपर | श्रेणी विहिन | | | १ |

४.२ योजना, अनुगमन तथा तथ्याङ्क उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अधिकृतस्तर छैठौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| २ | खरिदार | सहायकस्तर चौथों | ने. प्रशासन | सा. प्रशासन | १ |
| ३ | कम्प्युटर अपरेटर | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

४.३ राजस्व, उद्योग, वाणिज्य तथा सहकारी उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अधिकृतस्तर छैठौं | ने. प्रशासन | सा. प्रशासन/लेखा | १ |
| २ | ना.सु. | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| ३ | खरिदार | सहायकस्तर, चौथों | ने. प्रशासन | सा. प्रशासन | २ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

४.४ सूचना प्रविधि, सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौं | विविध | विविध | १ |
| २ | ना.सु. | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | १ |
| ३ | खरिदार | सहायकस्तर, चौथों | ने. प्रशासन | सा. प्रशासन | १ |

Scanned with CamScanner

५. शिक्षा, युवा तथा खेलकुद शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख शिक्षा अधिकृत | अधिकृतस्तर सातौं/आठौं/नवौं | शिक्षा | शिक्षा | १ |
| २ | शिक्षा अधिकृत | अधिकृतस्तर छैठौं | शिक्षा | शिक्षा | १ |
| ३ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | शिक्षा | शिक्षा | १ |
| ४ | खेलकुद प्रशिक्षक | सहायकस्तर, पाचौं | शिक्षा | खेलकुद | १ |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

६. शहरी पुर्वाधार विकास शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | सिनियर इन्जिनियर | अधिकृतस्तर, सातौं/आठौं | ने. इन्जिनियरिङ्ग | सिभिल | १ |

६.१ सडक तथा अन्य पूर्वाधार विकास उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | अधिकृतस्तर, छैठौं | ने. इन्जिनियरिङ्ग | सिभिल | १ |
| २ | सब-इन्जिनियर | सहायकस्तर, पाचौं | ने. इन्जिनियरिङ्ग | सिभिल | २ |
| ३ | प्लम्बर/खा.पा.स.टे. | सहायकस्तर, चौथो | ने. इन्जिनियरिङ्ग | स्यानिटरी | १ |
| ४ | इलेक्ट्रिसियन | सहायकस्तर, चौथो | | | १ |
| ५ | हेभी सवारी चालक | श्रेणी विहिन | | | ३ |

६.२ बस्ती विकास, भूमी व्यवस्थापन तथा घर नक्सा पास उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | अधिकृतस्तर, छैठौं | ने. इन्जिनियरिङ्ग | सिभिल/बि.एण्ड आ. | १ |
| २ | सब-इन्जिनियर | सहायकस्तर, पाचौं | ने. इन्जिनियरिङ्ग | सिभिल | १ |
| ३ | सर्भेक्षक | सहायकस्तर, पाचौं | ने. इन्जिनियरिङ्ग | सर्भे | १ |
| ३ | अमिन | सहायकस्तर, चौथो | ने. इन्जिनियरिङ्ग | सर्भे | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

बहादुर थापा मगर
प्रमुख

पौडेल
प्रशासकीय अधिकृत

Scanned with CamScanner

६.३ वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | वातावरण अधिकृत | अधिकृतस्तर, छैठौं | वन | वन/वातावरण | १ |
| २ | अ.सब-इन्जिनियर | सहायकस्तर, चौथो | ने. इन्जिनियरिङ्ग | सिभिल/स्यानिटरी | १ |
| ३ | हेभी/मझौला सवारी चालक | श्रेणी विहिन | | | १ |
| ४ | सरसफाई कर्मी | श्रेणी विहिन | | | ३ |

## ७. स्वास्थ्य तथा सामाजिक विकास शाखा

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | जन स्वास्थ्य अधिकृत | अधिकृतस्तर,सातौं/आठौं | स्वास्थ्य | हे.इ. | १ |

७.१ स्वास्थ्य उप-शाखा

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | जन स्वास्थ्य निरिक्षक | अधिकृतस्तर, छैठौं | स्वास्थ्य | हे.इ. | १ |
| २ | सि.अ.न.मी.नि./प.हे.न. | अधिकृतस्तर, छैठौं | स्वास्थ्य | प.हे.न. | १ |
| ३ | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर, चौथो | ने. प्रशासन | सा. प्रशासन | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

७.२ महिला, बालबालिका तथा सामाजिक विकास उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | महिला विकास निरिक्षक | सहायकस्तर, पाचौं | विविध | विविध | १ |
| २ | स.म.वि.नि. | सहायकस्तर, चौथो | विविध | विविध | २ |

दिनेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## ८. आर्थिक प्रशासन शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | लेखा अधिकृत | अधिकृतस्तर,सातौं/आठौं | ने. प्रशासन | लेखा | १ |
| २ | लेखापाल | सहायकस्तर, पाचौं | ने. प्रशासन | लेखा | १ |
| ३ | सह लेखापाल | सहायकस्तर, चौथो | ने. प्रशासन | लेखा | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

## ९. आर्थिक विकास शाखा

### ९.१ कृषि विकास उप-शाखा

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | कृषि विकास अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | कृषि | कृषि प्रसार | १ |
| २ | बाली संरक्षण अधिकृत | अधिकृतस्तर, छैठौं | कृषि | बाली संरक्षण | १ |
| ३ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | कृषि | कृषि प्रसार/बागवानी | २ |
| ४ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | कृषि प्रसार/बागवानी | १ |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

### ९.२ पशु विकास उप-शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | पशु विकास अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | कृषि | ला.पो.डे.डे. | १ |
| २ | पशु चिकित्सक | अधिकृतस्तर, छैठौं | कृषि | भेटेनरी | १ |
| ३ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | कृषि | भेटेनरी/ ला.पो.डे.डे/माछा | ३ |
| ४ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | भेटेनरी | १ |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

## १०. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | कानून अधिकृत | अधिकृतस्तर, छैठौं/सातौं | न्याय | कानून | १ |
| २ | कानुनी सहजकर्ता | सहायकस्तर, चौथो | न्याय | कानून | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ |

Scanned with CamScanner

## ११. आन्तरिक लेखा परिक्षण शाखा

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | आन्तरिक लेखा परिक्षक | अधिकृतस्तर, छैठौं | ने. प्रशासन | लेखा | १ |
| २ | सहायक लेखा परिक्षक | सहायकस्तर, पाचौं | ने. प्रशासन | लेखा | १ |

## १२. वडा कार्यालय तर्फ (९)

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | वडा सचिव | सहायकस्तर, पाचौं | ने. प्रशासन | सा. प्रशासन | ९ |
| २ | अ.सब-इन्जिनियर | सहायकस्तर, चौथो | ने. इन्जिनियरिङ्ग | सिभिल | ९ |
| ३ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | कृषि | ९ |
| ४ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | भेटेनरी | ९ |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ९ |

## १३. स्वास्थ्य चौकी तर्फ (७)

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | जन स्वास्थ्य निरिक्षक/सि.अ.हे.अ. | अधिकृतस्तर, छैठौं | स्वास्थ्य | हे.इ. | ७ |
| २ | स्टाफ नर्स/सि.अ.न.मि.नि. | अधिकृतस्तर, छैठौं | स्वास्थ्य | प.हे.न./क.न. | २ |
| ३ | हे.अ./सि.अ.हे.व. | सहायकस्तर, पाचौं | स्वास्थ्य | हे.इ. | ७ |
| ४ | स्टाफ नर्स/सि.अ.न.मि. | सहायकस्तर, पाचौं | स्वास्थ्य | प.हे.न./क.न. | ५ |
| ५ | अ.हे.व. | सहायकस्तर, चौथो | स्वास्थ्य | हे.इ. | ७ |
| ६ | अ.न.मि. | सहायकस्तर, चौथो | स्वास्थ्य | प.हे.न./क.न | ७ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ७ |

## १४. आधारभूत तथा शहरी स्वास्थ्य केन्द्र (५)

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | अ.हे.व. | सहायकस्तर, चौथो | स्वास्थ्य | हे.इ. | ५ |
| २ | अ.न.मि. | सहायकस्तर, चौथो | स्वास्थ्य | प.हे.न./क.न | ५ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ५ |

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

## रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना अनुसार स्वीकृत दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | [illegible] | ने. प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | प्रमुख शिक्षा अधिकृत | अधिकृतस्तर, सातौं/आठौं/नवौं | शिक्षा सेवा | शिक्षा प्रशासन | १ | |
| ३ | योजना अनुगमन तथा प्रशासकीय अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | ने. प्रशासन | सामान्य प्रशासन | १ | |
| ४ | लेखा अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | ने. प्रशासन | लेखा | १ | |
| ५ | सिनियर इन्जिनियर | अधिकृतस्तर, सातौं/आठौं | ने.इन्जिनियरिङ्ग | सिभिल | १ | |
| ६ | जन स्वास्थ्य अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | स्वास्थ्य | हे.इ. | १ | |
| ७ | पशू विकास अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | कृषि | ला.पो.डे.डे. | १ | |
| ८ | कृषि विकास अधिकृत | अधिकृतस्तर, सातौं/आठौं | कृषि | वाली संरक्षण/कृषि प्रसार | १ | |
| ९ | कानून अधिकृत | अधिकृतस्तर, छैठौं/सातौं/आठौं | न्याय | कानून | १ | |
| १० | शाखा अधिकृत | अधिकृतस्तर, छैठौं | ने. प्रशासन | सामान्य प्रशासन | ३ | |
| ११ | शिक्षा अधिकृत | अधिकृतस्तर, छैठौं | शिक्षा सेवा | शिक्षा प्रशासन | १ | |
| १२ | जन स्वास्थ्य निरिक्षक | अधिकृतस्तर, छैठौं/सातौं | स्वास्थ्य | हे.इ. | ८ | |
| १३ | इन्जिनियर | अधिकृतस्तर, छैठौं | ने.इन्जिनियरिङ्ग | सिभिल | २ | |
| १४ | आन्तरिक लेखा परिक्षक | अधिकृतस्तर, छैठौं | ने. प्रशासन | लेखा | १ | |
| १५ | पशु चिकित्सक | अधिकृतस्तर, छैठौं | कृषि | भेटेनरी | १ | |
| १६ | बाली संरक्षण अधिकृत | अधिकृतस्तर, छैठौं | कृषि | बाली संरक्षण | १ | |
| १७ | वातावरण अधिकृत | अधिकृतस्तर, छैठौं | वन | वन/वातावरण | १ | |
| १८ | सि.अ.न.मी.नि. | अधिकृतस्तर, छैठौं | स्वास्थ्य | प.हे.न./क.न. | ३ | |
| १९ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर, छैठौं | विविध | विविध | १ | |
| | **अधिकृतस्तरको जम्मा** | | | | ३१ | |

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| २० | ना.सु./वडा सचिव | सहायकस्तर, पाचौं | ने. प्रशासन | सामान्य प्रशासन | १३ | |
| २१ | लेखापाल | सहायकस्तर, पाचौं | ने. प्रशासन | लेखा | १ | |
| २२ | सहायक लेखा परिक्षक | सहायकस्तर, पाचौं | ने. प्रशासन | लेखा | १ | |
| २३ | कम्प्युटर अपरेटर | सहायकस्तर, पाचौं | ने. प्रशासन | प्रशासन | २ | |
| २४ | सब-इन्जिनियर | सहायकस्तर, पाचौं | ने.इन्जिनियरिङ्ग | सिभिल | ३ | |
| २५ | सर्भेक्षक | सहायकस्तर, पाचौं | ने.इन्जिनियरिङ्ग | सर्भे | १ | |
| २६ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | शिक्षा सेवा | शिक्षा प्रशासन | १ | |
| २७ | महिला विकास निरिक्षक | सहायकस्तर, पाचौं | विविध | विविध | १ | |
| २८ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | कृषि | वाली संरक्षण/कृषि | २ | |
| २९ | प्राविधिक सहायक | सहायकस्तर, पाचौं | कृषि | भेटेनरी/माछा/ला.पो.डे. | ३ | |
| ३० | हे.अ./सि.अ.हे.व. | सहायकस्तर, पाचौं | स्वास्थ्य | हे.इ. | ७ | |
| ३१ | स्टाफ नर्स/ सि.अ.न.मि. | सहायकस्तर, पाचौं | स्वास्थ्य | प.हे.न./क.न. | ५ | |
| ३२ | खेलकुद प्रशिक्षक | सहायकस्तर, पाचौं | शिक्षा सेवा | शिक्षा,युवा, खेलकुद | १ | |
| ३३ | खरिदार | सहायकस्तर, चौथो | ने. प्रशासन | सामान्य प्रशासन | ७ | |
| ३४ | सह लेखापाल | सहायकस्तर, चौथो | ने. प्रशासन | लेखा | १ | |
| ३५ | अ.सब-इन्जिनियर | सहायकस्तर, चौथो | ने.इन्जिनियरिङ्ग | सिभिल | १० | |
| ३६ | अमिन | सहायकस्तर, चौथो | ने.इन्जिनियरिङ्ग | सर्भे | १ | |
| ३७ | सहायक कम्प्युटर अपरेटर | सहायकस्तर, चौथो | ने. प्रशासन | सामान्य प्रशासन | ३ | |
| ३८ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | वाली संरक्षण/कृषि प्रस | १० | |
| ३९ | ना.प्रा.स. | सहायकस्तर, चौथो | कृषि | भेटेनरी/माछा/ला.पो.डे. | १० | |
| ४० | खा.पा.स.टे./प्लम्बर | सहायकस्तर, चौथो | ने.इन्जिनियरिङ्ग | स्यानिटरी | १ | |
| ४१ | अ.हे.व. | सहायकस्तर, चौथो | स्वास्थ्य | हे.इ. | १२ | |
| ४२ | अ.न.मि. | सहायकस्तर, चौथो | स्वास्थ्य | प.हे.न./क.न. | १२ | |
| ४३ | न.प्र.स.नि. | सहायकस्तर, चौथो | शान्ति सुरक्षा | नगर प्रहरी | १ | |
| ४४ | इलेक्ट्रिसियन | सहायकस्तर, चौथो | ने.इन्जिनियरिङ्ग | | १ | |
| ४५ | न.प्र.ह. | सहायकस्तर, तृतीय | शान्ति सुरक्षा | नगर प्रहरी | १ | |
| | | सहायकस्तरको जम्मा | | | १११ | |
| ४६ | हे.भि. / मझौला सवारी चालक | श्रेणी विहिन | | | ४ | |
| ४७ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | |
| ४८ | न.प्रहरी जवान | सहायकस्तर, प्रथम | शान्ति सुरक्षा | नगर प्रहरी | ५ | |
| ४९ | कार्यालय सहयोगि | श्रेणी विहिन | | | ३४ | |
| ५० | सरसफाई कर्मी/स्वीपर | श्रेणी विहिन | | | ४ | |
| ५१ | माली/बगैचे | श्रेणी विहिन | | | १ | |
| | | सहयोगीस्तरको जम्मा | | | ५५ | |
| | | स्विकृत दरबन्दी संख्या कुल जम्मा | | | १९७ | |

Scanned with CamScanner

## अनुसूची - ३

(नगर कार्यपालिकाको मिति२०७७/३/९ को निर्णय नं.७ सँग सम्वन्धित)

### संघीय सरकार र प्रदेश सरकार समक्ष माग गर्ने योजनाहरुको विवरण ।

**वडा नं.१**

१) लर्खु खोला दोभाने वासखर्क हुदै टापुवेशी सिँचाइ डि.पि.आर ।
२) आहालेगैरा पर्यटन क्षेत्र विकास.डि.पि.आर ।
३) भण्डारी चउर कवर्डहल खेल मैदान डि.पि.आर ।
४) गोठगाउ वृहत खानेपानी १ घर १ धारा ।
५) चण्डेश्वरी मा.वि स्कुल वस खरिद ।
६) चण्डेश्वरी खानेपानी निर्माण ।
७) उच्च प्रविधियुक्त कषि आधुनिकीकरण ।
८) बालकोटा साविक वडा नं. गोगने ।
९) कठायत टोल खानेपानी ।
१०) पात्ले अम्वोटे झोलुङ्गे पुल ।

**वडा नं.२**

१) केउरेपानी डाँडा देवाले चउर आधुनिक खेल मैदान निर्माण ।
२) सितला देवी मा वि व्यापारीक भवन निर्माण तथा आयआर्जन मुलक कार्यक्रम ।
३) लाम्टे वस्नेत गाँउ काब्रे कात्तिके हुदै साँघुटार जोड्ने सडक ।
४) स्वास्थ्य चौकी भवन निर्माण ।
५) लाम्टे सिमलडाँडा सितला मा वि सडक ।
६) लिखु खोला लिफ्ट वृहत खा.पा साघुट्टार देउराली ।
७) स्थानीय कृषि उपज वस्तु संकलन केन्द्र भवन निर्माण ।
८) मौरी पकेट क्षेत्र विस्तार तथा मसलावारी पकेट क्षेत्र विस्तार कार्यक्रम ।
९) चिउरीबोट मोड वडा कार्यालय सितला मा.वि नमुना सडक ग्रावेल तथा स्तरोन्नती ।
१०) १ वडा १ उधोग प्रस्ताव पत्र तयार ।
११) युवा रोजगार कार्यक्रम तथा शिपमुलक कार्यक्रम ।
१२) वडा स्तरीय वस्ती व्यवस्थापन ।
१३) गोगने डाँडा आहाले गैरा टेलिफोन टावर तथा नेट इन्टरनेट ।
१४) ओखेनी गणेशटार देवाली चौर देउराली डाँडा गोगने गोठगाउ साघुटार सडक ग्रावेल तथा स्तरोन्नती ,
१५) केउरेपानी डाँडा हेलीप्याड निर्माण ।
१६) वडा भित्र छुटपुट विद्युतिकरण तथा व्यवस्थापन ।
१७) सहिद प्रतिष्ठान पार्क निर्माण ।
१८) साघुटार मसानघाट व्यवस्थापन ।

बहादुर थापा मगर
प्रमुख

डेल
अधिकृत

Scanned with CamScanner

**वडा नं ३**

१) साँघुटार कमलावारी लिफ्ट खानेपानी योजना ।

२) साँघुटार थाक्लेवेशी लिफ्ट खानेपानी योजना ।

३) थाक्लेडाँडा वाँकीमैरी साँघुटार बजार सडक चौडा र कालोपत्रे योजना।

**वडा नं.४**

१) देउराली धारापानी तिलवारी सडक ।

२) नव पौरखी खेलमैदान निर्माण ।

३) हिमगंगा नमुना वाख्रा पालन फार्म व्यवस्थापन ।

४) निगुरे खोला नाइटे खेत सिंचाइ विस्तार ।

५) घुमाउने पोखरी पिक्नीक विकास क्षेत्र व्यवस्थापन ।

६) झल्केनी भीर निगुरे फलाटेखोला साफे वगर तटवन्धन ।

७) निगुरे सिम्ले स्वारा सिंचाइ विस्तार ।

८) धारापानी गनाउने खोला ढिकुरा सडक ।

९) गणेशटार भैसेडाडा सडक ।

१०) सोह्र भगवती मन्दिर व्यवस्थापन ।

११) तामाङ चिलाउने तिलवारी सडक निर्माण।

१२) शहरी स्वास्थ्य केन्द्र तिलवारी स्थापना।

**वडा नं. ५**

२) रामपुर वृहत लिफ्ट सिचाइ योजना ।

३) साहासी पर्यटन प्रर्वर्धनको लागी प्याराग्लाइडीङ उडान क्षेत्र निर्माण ।

४)काभ्रे रामपुर चारघरे सम्म कालोपत्रे सडक ।

५) आदिवासी जनजाती संग्राहलय भवन निर्माण ।

६) रामपुर एकीकृत खेलमैदान निर्माण ।

७) रामपुर पशुपंन्छी श्रोत केन्द्र विस्तार ।

८) रामपुर स्वास्थ्य चौकी भवन निर्माण ।

**वडा नं. ६**

१) गाइटार ओखेनी सडक निर्माण।

२) लाम्पाते लिफ्ट खानेपानी होदिल।

३) सहरी स्वास्थ्य केन्द्र ओखेनी।

४) ओखनी डिप वोरीङ।

५) ओखेनी वडा स्तरीय खेलकुद मैदान।

६) च्यास्कु धनेघाट सडक।

**वडा नं. ७**

Scanned with CamScanner

१) कालीकुवा डिप वोरीङ हिलेपानी ।

२) रामेछाप मुडाजोर विर्ता धनेघाट सडक स्तरोन्नती ।

३) ताराखसे पर्यटन क्षेत्र प्रवर्द्दन ।

४) पालेवन सिम्ले मचवारी सडक ।

५) चाम्बोट गाइखुरा सिडी निर्माण ।

**वडा नं.८**

१. सिमन्ती डुडे हुदै भोटेटार सम्म नगर स्तरीय सडक निर्माण गर्ने ।

२. धारापानी, माथील्लो बावियाखर्क, सल्ले, डुम्रिखर्क हुदै काली आँप सोलमारी सम्म सडकको डि.पि.आर तयार गर्ने ।

३. वावियाखर्क देखी पुस्पलाल पार्क मुनी बाट मानेडाँडा सम्म रिङरोड निर्माण गर्ने ।

४. रा.न.पा ८ विटारम पार्क निर्माण गर्ने ।

५. रा.न.पा.८ सुकाजोर खोलामा दविएको पानी निकाली सिंचाइ गर्ने ।

६. ऐतिहासीक केवलेश्वर मन्दिर व्यवस्थापन गर्ने ।

७.ऐतिहासीक तिल्केस्थान गढी र डुकुर सिं डाँडा लाइ पर्यटकीय स्थलको रुपमा निर्माण गर्ने ।

८.हस्पीटल चोकमा पार्क निर्माण गर्ने ।

९. भंगेरीमा कवर्डहल निर्माण गर्ने ।

१०. मानेडाँडा कारागार मुनी देखि हुदै आर्मी गेट सम्म सडक स्तरउन्नती गरी कालो पत्रे गर्ने ।

**वडा नं. ९**

१. मानेडाँडा पखेरा तिलेचौर केवलेश्वर सडक स्तरउन्नती ।

२. मानेडाँडा राताटार हरहर्दिनी सडक स्तरउन्नती ।

३. हर्दिनी लिफ्ट सिंचाइ योजना ।

४. भीमसेनथान मन्दिर परिसर निर्माण ।

५. वाख्रापालन पकेट क्षेत्र विकास ।

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner